डिलासैनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

## कार्यपालिका बैठक नं. ८

मिति २०७९।०५।२४ गते, १:०० वजे

उपस्थितिः

श्री सन्तोष प्रकाश जोशी (गाउँपालिका अध्यक्ष)
श्री भगीरथ बोहरा(गाउँपालिका उपाध्यक्ष)
श्री कृष्ण कुमार धामी(सदस्य)
श्री नवराज घरडी (सदस्य)
श्री रघुविर बोहरा (सदस्य)
श्री हरी दत्त पन्त (सदस्य)
श्री यज्ञ राज भट्ट (सदस्य)
श्री उत्तर बहादुर बोहरा (सदस्य)
श्री प्रकाशमणी भट्ट (सदस्य)
श्री कलावती लुहार (सदस्य)
श्री कविता भूल (सदस्य)
श्री दुर्गा धामी (सदस्य)
श्री मानमती लुहार (सदस्य)
श्री बिमला वोहरा (सदस्य)
श्री शारदा बोहरा (सदस्य)
श्री गणेश सिंह बोहरा (सदस्य सचिव)

आमन्त्रितः

श्री हरना सार्की(जि.स.स. सदस्य)

कार्यपालिका बैठकमा पेश भएका प्रस्ताव र पारित भएका निर्णयहरुः

प्रस्ताव नं. १: ऐन, नियमावली, कार्यविधिर निर्देशिका पारित सम्बन्धमा ।

निर्णय नं. १: डिलासैनी गाउँपालिकाले कार्यक्रम कार्यान्वयन तथा सेवा प्रवाहलाई प्रभावकारी वनाउन तपसिल वमोजिमका ऐन, नियमावली, कार्यविधिर निर्देशिकाहरु तयार गरी पारित गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

२.डिलासैनी गाउँपालिकाको स्काभेटर, डोजर र मेशिनरी औजार प्रयोग तथा संचालन सम्वन्धी कार्यविधि, २०७९

<u>प्रस्ताव नं. २:</u> १० शैय्याको अस्पताल निर्माण सम्बन्धमा ।

<u>निर्णय नं. २:</u>डिलासैनी गाउँपालिका वडा नं. ७ अन्तरगत डिलासैनी स्वास्थ्य चौकीलाई १० शैय्या आधारभूत अस्पताल निर्माणका लागि उक्त स्वास्थ्य चौकीको नाममा रहेको कित्ता नम्बर १९४५,१७५८,१७६०,१८९६,१८९५,१९२१,३९६,३९८ को जम्मा क्षेत्रफल १०-०-०-० र आधारभूत अस्पताल भवन निर्माण सम्बन्धी निर्देशिका २०७७ स्वास्थ्य भवन पूर्वाधार डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका २०७३(पहिलो संशोधन २०७७) र भवन निर्माण Porto Type र तपसिल वमोजिमको मापदण्ड अनुसार डिलासैनी स्वास्थ्य चौकी, धामीगाउँमा काम सञ्चालनका लागि नियमानुसार प्रकृया अगाडि बढाउने निर्णय सर्वसम्मत पारित गरियो ।

१. डिपिआर तथा डिपिआर Review र स्वीकृती सम्वन्धी कागजपत्रहरु

२. माटो परीक्षण प्रतिवेदन

३. नक्सापाससँग सम्वन्धित कागजपत्रहरु

४. वोलपत्र प्रक्रिया तथा ठेक्का सम्झौता सम्वन्धि कागजपत्रहरु

<u>प्रस्ताव नं. ३:</u> नवप्रवर्तन साझेदारी कार्यक्रम छनौट तथा सिफारिस सम्बन्धमा ।

<u>निर्णय नं. ३:</u>डिलासैनी गाउँपालिकाले सुदूरपश्चिम प्रदेश सरकारको स्थानीय शासन सहयोग कार्यक्रमको आ.व. २०७९।०८० को वार्षिक कार्यक्रम नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन गर्न यस गाउँपालिकाको स्थानीय सुशासन, सार्वजनिक सेवा प्रवाह र स्थानीय आर्थिक विकास क्षेत्रको नवप्रवर्तनकारी आयोजना अवधारणा पत्र तयार गरि तपसिल बमोजिमका आयोजनाहरुको प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

| क.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने क्षेत्र तथा स्थान |
|---|---|---|
| १ | एकल महिला उद्यमशीलता विकास कार्यक्रम | गाउँपालिकाको क्षेत्रभित्र |
| २ | सामुदायिक विद्यालयका छात्राहरु मार्फत सामाजिक रुपान्तरण कार्यक्रम | गाउँपालिकाको क्षेत्रभित्र |
| ३ | वडा नं. ५ र ६ मा लिफ्टिङ सिचाँइ आयोजना | डिलासैनी ५ र ६ |
| ४ | बाङ्गाबगर खानेपानी आयोजना डिलासैनी ६ | डिलासैनी ६ |
| ५ | कृषि विकास परियोजना(अमला, टिमुर आदि) | गाउँपालिकाको क्षेत्रभित्र |
| ६ | मेलगाडा र खुमट खानेपानी आयोजना | डिलासैनी १ |
| ७ | डिलासैनी वडा नं.१ र २ वृहत खानेपानी आयोजना | डिलासैनी १ र २ |
| ८ | माणे खानेपानी आयोजना | डिलासैनी ३ |

| | | |
|---|---|---|
| ९ | लिउडेपानी खानेपानी आयोजना | डिलासैनी ४ |
| १० | कटाल रतनकाडा खानेपानी आयोजना | डिलासैनी ७ |

साथै अनुमानित लागतमा यस गाउँपालिकाको अन्तरिक आयका आधारमा प्रस्तावित रकमको २५ प्रतिशत बराबर साझेदारी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

<u>प्रस्ताव नं. ४:</u> सौर्य उर्जा अन्तरगतका कार्यक्रम छनौट तथा सिफारिस सम्बन्धमा ।

<u>निर्णय नं. ४:</u>डिलासैनी गाउँपालिका अन्तरगत रहेका विघुतको पहुँच नभएका सामुदायिक विघालय, स्वास्थ्य संस्था, वडा कार्यालयहरुमा सौर्य प्रणाली जडान लगायत कृषि सिचाँइका लागि सामुदायिक सौर्य पम्प जडान, धार्मिक एवं सामुदायिक मिनिग्रीड कार्यक्रम(बहुवर्षीय कार्यक्रम), सौर्य कुकर तथा ड्रायर जडान जस्ता तपसिल वमोजिमका विभिन्न कार्यक्रम कार्यान्वयनका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

| क स | जडान गर्नुपर्ने संस्था | कार्यक्रमको नाम | ठेगाना | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| १ | श्री कर्णकिदार मन्दिर | सौर्य उर्जा | डिलासैनी ७ | |
| २ | श्री डिलासैनी भगवती मन्दिर | सौर्य उर्जा | डिलासैनी ७ | |
| ३ | श्री मठैराज मन्दिर | सौर्य उर्जा | डिलासैनी ४ | |
| ४ | श्री चनैराज मन्दिर | सौर्य उर्जा | डिलासैनी ४ | |
| ५ | श्री द्वारीका शिला भगवती | सौर्य उर्जा | डिलासैनी ४ | |
| ६ | श्री मठैराज आवि सौनगाउँ | सौर्य उर्जा | डिलासैनी ६ | |
| ७ | श्री कलिया मन्दिर | सौर्य उर्जा | डिलासैनी ६ | |
| ८ | सौनगाउँ गौर घर | सौर्य उर्जा | डिलासैनी ६ | |
| ९ | कोट्टरा धावला बन्नौत सौर्य पम्प जडान | सिचाँइ | डिलासैनी १ | |
| १० | श्री कुस्मावती मन्दिर | सौर्य उर्जा | डिलासैनी ५ | |
| ११ | श्री कफलासैनी मन्दिर | सौर्य उर्जा | डिलासैनी ५ | |
| १२ | भेरेगाडा लिफ्ट सिचाँइ | सिचाँइ | डिलासैनी २ | |
| १३ | खाली लिफ्ट सिचाँइ | सिचाँइ | डिलासैनी २ | |
| १४ | मल्ला सल्लेवन लिफ्ट सिचाँइ | सिचाँइ | डिलासैनी २ | |
| १५ | श्री कैलपाल मन्दिर | सौर्य उर्जा | डिलासैनी ३ | |

| | | | | |
|---|---|---|---|---|
| १६ | ठुलशैनी मौनी लिफ्ट खानेपानी | खानेपानी | डिलासैनी ३ | |
| १७ | श्री लाटाबाब मन्दिर बगडी | सौर्य उर्जा | डिलासैनी ३ | |
| १८ | श्री डाडाबाग मन्दिर | सौर्य उर्जा | डिलासैनी ७ | |
| १९ | श्री भौनेली मन्दिर | | डिलासैनी १ | |
| २० | श्री दुर्गा भवानी मन्दिर | | डिलासैनी १ | |
| २१ | जमाडी मठैराज बगौरा लिफ्ट सिचाँइ आयोजना | | डिलासैनी ४ | |
| २२ | देवझाडी शिवधाम | | डिलासैनी ६ | |
| २३ | गिरिबगड लिफ्ट सिचाँइ | | डिलासैनी ३ | |

<u>प्रस्ताव नं. ५:</u> खरी खानी तथा पथ्थर उत्खनन र सञ्चालन सम्बन्धमा ।

<u>निर्णय नं. ५:</u>डिलासैनी गाउँपालिकाको वडा नं. २ र ३ मा रहेको खरि खानी र पथ्थर उत्खनन तथा सञ्चालन गरेको एकिकृत अनुगमनका क्रममा देखियो तर उक्त क्षेत्रभित्र रहेका बस्ती तथा वातावरणमा प्रतिकुल असर पर्ने तथा भू क्षय लगायत बस्ती नै विस्तापित हुने अवस्था आएकोले सो कार्य हाललाई स्थगित गरि सम्बन्धित निकायमा नियमानुसार वातावरणी प्रभाव मूल्याङ्कन र राजस्वको स्पष्ट व्यवस्था अनुसार सञ्चालन तथा नियमनका लागि अनुरोध गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

<u>प्रस्ताव नं. ६:</u> योजना सिफारिस सम्बन्धमा ।

<u>निर्णय नं. ६:</u>डिलासैनी गाउँपालिकाका अन्तरगत चालु आर्थिक वर्ष २०७९।०८० मा तपसिल बमोजिमका योजनाहरु देहायका मन्त्रालयहरुमा बजेट विनियोजनका लागि सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

| क स | योजनाको नाम | कार्यान्वयन हुने स्थान | सिफारिस गरिएको मन्त्रालय | कैफियत |
|---|---|---|---|---|
| १ | देउझाडी सेरा नगराउँ डिलासैनी मठैराज सडक | डिलासैनी ५, ७,४ | भौतिक पूर्वाधार मन्त्रालय | गा पा केन्द्र जोड्ने मूल सडक |
| २ | नानरा, रामाला, न्वाला, साँफे, ठटे, कालापानी, धामीगाउँ सम्म सडक ट्राक Opening | डिलासैनी १, २, ४, ७ र पुचौंडी न पा | भौतिक पूर्वाधार मन्त्रालय | गा पा केन्द्र जोड्ने मूल सडक |

प्रस्ताव नं. ७: MBBS सम्बन्धी पूर्ण छात्रवृत्ति सम्बन्धमा ।

निर्णय नं. ७:डिलासैनी गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी कार्यविधि २०७९ अनुसार मिति २०७९।०४।१२ गतेको सूचना बमोजिम पेश भएका निवेदनहरु उपरको छात्रवृत्ति निर्धारण समितिको निर्णय बमोजिम तपसिलको व्यक्तिलाई छनौट गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

| क स | नाम थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| १ | सिर्जना जोशी | डिलासैनी ५ | ७३-०१-७७-०२३७६ |

प्रस्ताव नं. ८: औद्योगिक ग्राम स्थापना सम्बन्धमा ।

निर्णय नं. ८:डिलासैनी गाउँपालिका अन्तरगत वडा नं. ६ सिरसानी(साविक गोकुलेश्वर गा.वि.स वडा नं. १)मा रहेका तपसिल बमोजिमको स्वामित्वमा रहेका कित्ताहरु र क्षेत्रफलमा औद्योगिक ग्राम स्थापना गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

| क स | कित्ता नम्बर | क्षेत्रफल | किसिम |
|---|---|---|---|
| १ | ८१ | ११-१-०-१ | पर्ति |
| २ | ७८६ | १५-५-०-१ | बगर |
| ३ | ९८७ | २४-६-०-३ | बगर |

प्रस्ताव नं. ९: संस्थागत जग्गा नामसारी तथा सट्टापटा सम्बन्धमा ।

निर्णय नं. ९:डिलासैनी गाउँपालिका अन्तरगत वडा नं. ५ र ६ मा रहेका श्री सेटीगाउँ मावि ककरपाखा गोकुलेश्वर विव्यस को मिति २०७९।०४।३२ गतेको निर्णय र कृषि तथा पशु विज्ञान कलेज गोकुलेश्वर बैतडीको कलेज सञ्चालक समितिको सोहि मितिमा बसेको निर्णयानुसार उक्त कलेजको नाममा रहेका कित्ता नं. ८३८,१००९,१०१० र ९५५ को जम्म क्षेत्रफल ११-७-१-४ जमिन श्री सेटीगाउँ मावि ककरपाखालाई पायक पर्ने र उक्त माविको नाममा रहेको कित्ता नं.१५९६, १५९८, १६०१, १६०३, १६०५, १६०६, १६०७ र १६०८ को जम्म क्षेत्रफल १०-१४-२-१ भएको जमिन उक्त कलेजलाई पायक पर्ने भएकोले दुवै संस्थावाट सट्टापट्टाको लागि सम्बन्धित निकायमा सिफारिसका लागि निवेदन प्राप्त भएकाले संस्थाहरुको सहमतिमा जग्गा सट्टापट्टा गर्न सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।